**आकाशवाणी समाचार- नेपाली**

मितिः २८ फरवरी २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**<u>प्रमुख समाचार</u>**

- राष्ट्रपति द्रौपदी मुर्मूले समकालीन चुनौतीहरूको नवीन समाधान प्रदान गर्न डिजाइन क्षेत्रको महत्वपूर्ण भूमिकाको प्रशंसा गर्नुभएको छ।

- प्रधानमन्त्री नरेन्द्र मोदीले महाकुम्भको परम्पराले हजारौं वर्षदेखि भारतको राष्ट्रिय चेतनालाई पुनर्जीवित गर्दै आएको र यसले देश र समाजका लागि नयाँ मार्गको सुझाव दिँदै आएको बताउनु भएको छ ।

- प्रधानमन्त्री नरेन्द्र मोदी आज नयाँ दिल्लीको सुन्दर नर्सरीमा जहाँ-ए-खुसरो २०२५ कार्यक्रममा भाग लिनुहुनेछ।

- उपराष्ट्रपति जगदीप धनखड़ आज पश्चिम बंगालको एक दिवसीय यात्रामा रहनुहुनेछ।

- बिहारको दरभंगा, समस्तीपुर, सारण र छेउछाउ क्षेत्रमा आज बिहान २ बजेर ३७ मिनट जाँदा भूकम्पको झट्का महसुस गरिएको छ।

- आज देशभरि राष्ट्रिय विज्ञान दिवस मनाइँदैछ।

**<u>राष्ट्रपति द्रौपदी मुर्मु समकालीन चुनौति</u>**

राष्ट्रपति द्रौपदी मुर्मूले समकालीन चुनौतीहरूको नवीन समाधान प्रदान गर्न डिजाइन क्षेत्रको महत्वपूर्ण भूमिकाको प्रशंसा गर्नुभएको छ। राष्ट्रपति मुर्मुले अहमदाबादस्थित नेसनल इन्स्टिच्युट अफ डिजाइनको ४४औं दीक्षान्त समारोहलाई सम्बोधन गर्दै भन्नुभयो - डिजाइनले परम्परा र आधुनिकताबीचको सेतुको काम गर्नेछ। राष्ट्रपति मुर्मूले भारतको समृद्ध डिजाइन प्रणालीहरू, विशेष गरी पुरानो, कम ज्ञात डिजाइनहरूको अध्ययन र दस्तावेजीकरण को आवश्यकता माथी जोड दिनुभएको छ। सामाजिक परिवर्तनमा डिजाइनको भूमिकाको बारे बोल्दै हुदै राष्ट्रपति मुर्मुले भारतीय डिजाइन उद्योग र <u>राष्ट्रीय डिजाइन संस्थान</u> जस्ता संस्थानहरूले स्वास्थ्य सेवा, सरसफाइ र आवास जस्ता विभिन्न सामाजिक क्षेत्रका समस्याहरूको नवीन समाधान प्रदान गरेकोमा प्रशंसा गर्नुभएको छ।

****** ० ******

**<u>प्रधानमंत्री नरेन्द्र मोदी महाकुंभ -राष्ट्रीय चेतना</u>**

प्रधानमन्त्री नरेन्द्र मोदीले महाकुम्भको परम्पराले हजारौं वर्षदेखि भारतको राष्ट्रिय चेतनालाई पुनर्जीवित गर्दै आएको र यसले देश र समाजका लागि नयाँ मार्गको सुझाव दिँदै आएको बताउनु भएको छ । श्री मोदीले भन्नुभयो, "१४४ वर्षपछि यस्तो महाकुम्भ आएको छ, जसले भारतको विकास यात्रामा नयाँ अध्यायको सन्देश दिएको छ। यी विचार प्रधानमन्त्रीले आफ्नो ब्लगमा साझा गर्नुभएको छ। यस महाकुम्भमा देश-विदेश लगायत हरेक क्षेत्र, जाति र विचारधाराका मानिस एकसाथ देखिएको उहाले बताउनु भएको छ । उहाले अझ भन्नुभएको छ -'हाम्रा पुर्खा र

सन्तहरूको स्मृतिबाट हामी नयाँ प्रेरणा लिन सकौं। उहाँले एकतालाई आफ्नो मार्गदर्शक सिद्धान्त बनाउन र राष्ट्रको सेवा नै ईश्वरको सेवा हो भन्ने बुझेर काम गर्ने आह्वान गर्नुभएको छ ।

****** ० ******

**प्रधानमन्त्री नरेन्द्र मोदी- जहाँ-ए-खुसरो २०२५**

प्रधानमन्त्री नरेन्द्र मोदी आज नयाँ दिल्लीको सुन्दर नर्सरीमा जहाँ-ए-खुसरो २०२५ कार्यक्रममा भाग लिनुहुनेछ। यो वर्ष भव्य सुफी संगीत महोत्सवको २५ औं वार्षिकोत्सव मनाइँदैछ।यो कार्यक्रम आज देखि २ मार्च सम्म सञ्चालन हुनेछ। महोत्सवले अमिर खुसरोको विरासतको उत्सव मनाउन विश्वभरि का कलाकारहरूलाई एक साथ ल्याउनेछ। बर्ष २००१ मा प्रसिद्ध चलचित्र निर्माता तथा कलाकार मुजफ्फर अलीले महोत्सवको शुरुवात गर्नुभएको थियो ।

****** ० ******

**उत्तर प्रदेशका मुख्यमन्त्री**

उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले महाकुम्भमा निरन्तर सेवा दिने राज्य सडक यातायात निगमका सरसफाइ र स्वास्थ्यकर्मी र बस चालकहरूलाई राज्य सरकारले १० हजार रुपियाँ थप बोनस दिने घोषणा गर्नुभएको छ। मुख्यमन्त्रीले हिज प्रयागराजमा महाकुम्भमा सरसफाई, स्वास्थ्य, पपुलिस कर्मचारी र बस चालकसँग अन्तरक्रिया गर्नु भयो । उहाँले महाकुम्भलाई सफल बनाउने कर्मचारीहरुलाई सम्मान समेत गर्नुभयो । श्री योगीले न्यूनतम पारिश्रमिक नपाउने कामदारलाई मासिक १६ हजार रुपियाँ दिने घोषणा गर्नुभएको छ ।

****** ० ******

**उपराष्ट्रपति जगदीप धनखड़-पश्चिम बंगाल**

उपराष्ट्रपति जगदीप धनखड़ आज पश्चिम बंगालको एक दिवसीय यात्रामा रहनुहुनेछ। उहाँले वीरभूम जिल्लाको तारापीठको भ्रमण गर्नुहुनेछ, जुन श्रद्धेय शक्तिपीठहरू मध्ये एक हो। वैष्णवहरूको गौडिया मिसनका संस्थापक आचार्य श्रील भक्ति सिद्धान्त सरस्वती गोस्वामी प्रभुपाद को १५० औँ जन्मजयन्ती समारोहको समापन समारोहमा उपराष्ट्रपति श्री धनखड प्रमुख अतिथिको रूपमा अध्यक्षता गर्नुहुनेछ।

****** ० ******

**प्रधानमन्त्री नरेन्द्र मोदी-आयुष**

प्रधानमन्त्री नरेन्द्र मोदीले हिज नयाँ दिल्लीमा आयुष क्षेत्रको समीक्षा गर्न उच्चस्तरीय बैठक गर्नुभयो। भेटमा प्रधानमन्त्री श्री मोदीले स्वास्थ्य सेवाको प्रवद्र्धन, औषधीजन्य बिरुवाको खेतीबाट ग्रामीण अर्थतन्त्रलाई उत्प्रेरित गर्न र परम्परागत चिकित्सामा देशको विश्व स्तरमा अग्रणी स्थानमा उकास्न यस क्षेत्रको महत्वपूर्ण योगदान रहेकोमा जोड दिनु भयो । प्रधानमन्त्री श्री मोदी ले अनुसन्धान र नवचारमा केन्द्रित भएर आयुष क्षेत्रलाई बलियो बनाउन सरकार प्रतिबद्ध रहेको बताउनु भयो।

****** ० ******

**आज राष्ट्रीय विज्ञान दिवस**

आज देशभरि राष्ट्रिय विज्ञान दिवस मनाइँदैछ। महान भौतिकशास्त्री सर सीभी रमनले रमन प्रभावको खोज गरेको सम्झनामा हरेक वर्ष २८ फरवरीको दिन यो दिवस मनाइन्छ। उहाँलाई बर्ष १९३० मा नोबेल पुरस्कार बाट सम्मानित गरिएको थियो। राष्ट्रिय विज्ञान दिवसको अवसरमा आज देशभरि विभिन्न विषयवस्तुमा आधारित वैज्ञानिक सञ्चार गतिविधिहरु आयोजना गरिने भएको छ। केन्द्रीय विज्ञान तथा प्रधौगिकी मन्त्री डा जितेन्द्र सिंह पनि राष्ट्रिय विज्ञान दिवस समारोहमा भाग लिनुहुनेछ ।यस वर्षको राष्ट्रिय विज्ञान दिवसको विषय -विकसित भारतका लागि विज्ञान र नवचारमा वैश्विक नेतृत्वका लागि भारतीय युवाहरूको सशक्तीकरण रहेको छ।

****** ० ******

**दिल्ली सरकार – आबकारी नीति**

दिल्ली सरकारले आम आदमी पार्टीको पछिल्लो शासनसँग सम्बन्धित भारतको नियन्त्रक तथा महालेखा परीक्षक (क्याग) को अर्को प्रतिवेदन आज दिल्ली विधानसभामा पेश गर्ने भएको छ। प्रतिवेदन जनस्वास्थ्य पूर्वाधार तथा स्वास्थ्य सेवाको प्रबन्धन सम्बन्धी रहेको छ। मुख्यमंत्री रेखा गुप्ता विधानसभामा रिपोर्टको प्रति पेश गर्नुहुनेछ।

****** ० ******

**सांसद अनुरागसिंह ठाकुर**

सांसद अनुरागसिंह ठाकुरले लोकसभा र बिधानसभाको चुनाव एकैसाथ गराउने समय र श्रोतको बचत हुने मात्र नभई सुशासनको दक्षता अभिवृद्धि र आर्थिक स्थायित्वमा समेत टेवा पुग्ने बताउनुभएको छ। श्री ठाकुरले दिल्ली विधानसभामा क्याग प्रतिवेदन पेश गरेकोमा पूर्व आम आदमी पार्टी सरकारलाई पनि निशाना बनाउनु भएको छ।

****** ० ******

**नीति आयोग**

नीति आयोगले भारत विश्वको शीर्ष अर्थब्यवस्थामा पाँचौं स्थानमा रहेको बताएको छ। बर्ष २०२५ मा देशको कूल सकल घरेलु उत्पाद चार दशमलव तीन ट्रिलियन डलर पुग्ने छ। अन्तर्राष्ट्रिय मुद्रा कोषलाई उद्धृत गर्दै नीति आयोगले भारतको वास्तविक सकल घरेलु उत्पाद बर्ष २०१५ मा २.४ ट्रिलियन डलरबाट बर्ष २०२५ मा ४.३ ट्रिलियन डलर पुगेको बताएको छ।

****** ० ******

**विदेश मन्त्री सुब्रह्मण्यम जयशंकर - युरोपीय आयोग**

विदेश मन्त्री सुब्रह्मण्यम जयशंकरले हिज युरोपीय आयोगका अध्यक्ष उर्सुला भोन डर लेयनसँग भेट गर्नुभयो। डा. जयशंकरले भन्नुभयो -उहाँ युरोपसँग भारतको सम्बन्धलाई पुन: सक्रिय गर्ने विचारहरूको कदर गर्दछन्। उहाँले यस भ्रमणमा भारतीय मन्त्रीहरूको समूह र ईयू कमिश्नरहरूको व्यापक सहभागिता भारत र ईयूबीचको घनिष्ठ सम्बन्धलाई दिइएको महत्त्वको प्रमाण भएको बताउनु भएको छ । प्रधानमन्त्री नरेन्द्र मोदीले आज युरोपीय आयोगका अध्यक्षसँग प्रतिनिधिमण्डलस्तरीय बातचित गर्नुहुनेछ।

****** ० ******

**परिवार कल्याण मंत्री -उडिसा**

भारतीय जनता पार्टीका अध्यक्ष एवं केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्री जेपी नड्डाले आज पुरीमा आयोजित भारतमा सार्वजनिक स्वास्थ्य सेवा प्रणालीका असल, अनुकरणीय अभ्यास र नवचार सम्बन्धी नवौँ राष्ट्रिय सम्मेलनको उद्घाटन गर्नुहुनेछ। उहाँले १६ औं साझा समीक्षा मिशनको प्रतिवेदन पनि जारी गर्नुहुनेछ । उद्घाटन समारोहमा ओडिसाका मुख्यमन्त्री मोहनचरण माझी, स्वास्थ्यमन्त्री डा मुकेश महालिङ र विभिन्न राज्यका स्वास्थ्य सचिवको सहभागिता रहने छ। सम्मेलनपछि श्री नड्डाले पुरीस्थित श्री जगन्नाथ मन्दिरको भ्रमण गर्नुहुनेछ र भगवानको पूजा अर्चना गर्नुहुनेछ।

****** ० ******

**सेबी -वित्त सचिव तुहिन कांत पांडे**

भारतीय प्रतिभूति तथा विनिमय बोर्ड (सेबी) को अध्यक्षमा वित्तसचिव तुहिनकान्त पाण्डे नियुक्त हुनुभएको छ। उहाँले आगामी तीन वर्षसम्म यो पद सम्हाल्नुहुनेछ । उहाँले माधबी पुरी बुच की स्थान लिनुहुनेछ I

****** ० ******

**होली त्योहार मध्य रेलवे अतिरिक्त विशेष रेलगाड़ि**

मध्य रेलवेले होली पर्वको समयमा यात्रुहरूको सुविधाको लागि प्रमुख मार्गहरूमा ४८ अतिरिक्त विशेष रेलहरू सञ्चालन गर्ने घोषणा गरेको छ। यी रेलहरू मुम्बई, पुणे जस्ता प्रमुख शहरहरूबाट मह, दानापुर, वाराणसी,

समस्तीपुर, कन्याकुमारी र तिरुवनन्तपुरम जस्ता अन्य गन्तव्यहरू बीच चल्नेछन्। बिशेष रेल उच्च माग भएको मार्गहरुमा चलाइनेछ l मध्य रेलवेको होली बिशेष रेलहरुको कुल संख्या ७६ पुगेको छ l

****** ० ******

**बिहार-भूकंप**

बिहारको दरभंगा, समस्तीपुर, सारण र छेउछाउ क्षेत्रमा आज बिहान २ बजेर ३७ मिनट जाँदा भूकम्पको झट्का महसुस गरिएको छ । झट्का महासुस हुन साथै मानिसहरु आ–आफ्नो घरबाट बाहिर निस्केका थिए । भूकम्पको केन्द्रविन्दु नेपालमा रहेको राष्ट्रिय भूकम्प केन्द्रले जनाएको छ ।यस भूकम्प को हल्का झट्का पश्चिम बङ्गालको बिभिन्न स्थानहरु सहित पहाडी क्षेत्रमा पनि महसुस गरिएको रिपोर्ट प्राप्त भएको छ l

****** ० ******

**प्रसार भारतीका अध्यक्ष नवनीतकुमार सहगल**

प्रसार भारतीका अध्यक्ष नवनीतकुमार सहगलले शहरी क्षेत्रका युवालाई जोडेर रेडियोको पहुँच बढाउनमा जोड दिनुभएको छ । श्री सहगलले हिज आकाशवाणी अहमदाबाद केन्द्रको भ्रमण गर्नुभयो। श्री सहगलले केन्द्रको स्टुडियो, समाचार र कार्यक्रम एकाइहरूको सञ्चालनको समीक्षा गर्नुभयो। श्री सहगलले भन्नुभयो - वेभ ओटीटी प्लेटफर्म युवाहरूको आवश्यकताहरू पूरा गर्न महत्त्वपूर्ण कदम हो।

****** ० ******